का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ पुस २०८०,
शुक्रबार
22 December 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३१७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

## कांग्रेसमा ‘इगो’को राजनीति

एकले अर्कोको अस्तित्व स्वीकार गर्न नसक्दा मञ्चमै कांग्रेसका नेताहरुको इगो छचल्किने गरेको छ । बिहीबार मधेशको दृश्य एउटा उदाहरण मात्रै हो ।



*मर्यादाक्रमप्रति असन्तुष्टि जनाउँदै मधेश प्रदेशको प्रथम सम्मेलनमा दर्शकदीर्घामा बसेका पूर्व उपसभापति विमलेन्द्र निधि ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ पुस ।

नेपाली कांग्रेसको प्रथम मधेश सम्मेलन बिहीबार जनकपुरमा आयोजित थियो । जहाँ कांग्रेसभित्रको आन्तरिक असन्तुष्टि समेत पोखिएको छ ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले जनकपुरको तिरहुतिया गाछीमा कार्यक्रमको उद्घाटन गरे । उक्त उद्घाटन सत्रको मञ्च कांग्रेसका पूर्व उपसभापति एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधीले बहिस्कार गरे ।

निधीलाई आशन ग्रहण गर्न कार्यक्रम उद्घोषक प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठले गरेका थिए । विमलेन्द्र निधी दर्शक दिर्घामा बसेका थिए । प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठल बोलाए पनि निधि मञ्चमा गएनन् । उनी दर्शकदीर्घामै बसिरहे । जबकी तिरहुतिया गाछी निधिकै क्षेत्र हो ।

त्यसपछि कतिपय कांग्रेस कार्यकर्ताले सामाजिक सञ्जालमा असन्तुष्टि पोखेका छन् । केहीले लेखका छन्, ‘ निधी गृहनगरमै पार्टीको नेतृत्व पंक्तिबाट पहिलोपटक अपमानित भएका छन् ।’

उक्त सम्मेलनमा शेखर कोइराला पनि थिए । विशिष्ट अतिथिमा नबोलाएको भनेर कोइराला पनि मञ्चमा गएनन् । शेखर कोइराला पक्षको असन्तुष्टि र निधी समूहको मञ्च बहिष्कारका बीच कांग्रेसको प्रथम मधेश सम्मेलन अगाडि बढेको हो ।

पार्टीको गत महाधिवेशनमा निधीले शेरबहादुर देउवासँगै चुनाव लडेका थिए । पहिलो निर्वाचनले परिणाम दिन नसकेर भएको दोस्रो चरणको निर्वाचनमा निधीले देउवालाई सहयोग गरेका थिए ।

शेखर कोइराला भने सभापति देउवासँग दोस्रो पटकको चुनाव पनि लडेका नेता हुन् । सभापतिमा पराजित भएका कारण वरिष्ठ नेताको रुपमा आफ्नो हैसियत पार्टीमो दोस्रो बरियताका हुनुपर्ने उनी र उनी पक्षीय नेताहरुको रहँदै आएको छ । तर, यस अनुसार नहुने भएपछि कोइरालाले पनि असन्तुष्टि जनाएका हुन् ।

उक्त सम्मेलनमा मधेश प्रदेशका आठ वटै जिल्लाका कांग्रेसका नेता/कार्यकर्ताहरु सहभागि थिए । शीर्ष नेताहरु सहभागी कार्यक्रममै नेताहरुका बीचमा इगो देखा परेको भनी कांग्रेसका नेता/कार्यकर्ताहरुले भने असन्तुष्टि जनाएका हुन् ।

कोइरला समूहले देउवालाई ज्ञापनपत्र नै बुझाएका छन् । जहाँ पार्टी प्रदेशको नेतृत्वमाथि प्रश्न उठाइएको छ ।

उनीहरुले पार्टीको १४ औं महाधिवेशनको भावनाअनुसार पार्टीको मधेस प्रदेश कार्य समिति अधि नबढेको र फरक विचार राख्नेलाई प्रदेश सभापति यादवले वेवास्ता गर्नुका साथै अलोकतान्त्रिक चरित्र प्रदर्शन गर्दै आएको आरोप पनि लगाएका छन् ।

नेतृत्वले कसैसँग कुनै राय परामर्श नगरी एकलौटी रुपमा प्रदेश सदस्य र विभागहरुको पृष्ठ २ मा

## भीडसँगै बहकिँदाको परिणाम

क्रिसमससँग सम्बन्धित कार्यक्रममा मन्त्री किराती बोलिरहँदा ताली बजिरहेको थियो । तालीको तालमा बहकिएर बोल्दा मन्त्री किराती आलोचित बन्न पुगेका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ५ पुस ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री सुदन किरातीको अभिव्यक्ति तरंगत भएको छ । पशुपति क्षेत्र विकास कोषको कार्यकारी निर्देशकमा लक्ष्मी पुन नियुक्त भएकै दिन मन्त्री किरातीले क्रिसमस फेस्टिभलमा दिएको अभिव्यक्ति तरंगित हुन पुगेको हो ।

हिन्दु धर्मालम्बीहरुले बहुसंख्यक धर्मालम्बीको भावना विपरित किरातीले बोलेको भनी विरोध गरेका छन ।

बुधबार राजधानीमा क्रिसमस सँग सम्बन्धित कार्यक्रम थियो । उक्त कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै सहभागी हुने तय भएको थियो । व्यस्तताका कारण



प्रधानमन्त्री प्रचण्ड जान नभ्याएपछि मन्त्री किराती गएका थिए । प्रधानमन्त्री उपस्थित हुन नसकेको र आफू भएको भनी प्रशंसा गर्ने क्रममा उनले व्यक्त गरेका अभिव्यक्तिको हिन्दु धर्मालम्बीहरुले आलोचना गरेका हुन ।

नेपालको संविधानको धर्मनिरपेक्षतालाई अंगालेको भनी यसको व्याख्या गर्नेक्रममा मन्त्री किरातीले राज्य सबै संस्कृतिहरुको अभिभावक भएको बताएका थिए ।

‘संविधानले दिएको अधिकारमा आधारित भएर हामी बाँचेका छौं । टुँडिखेलमा गएर सबैले सुन्नेगरी हामी पनि यही देशका फूल हौं भन्नुहोला । राज्य छ तपाईंहरुको अभिभावक । कोही डराउनुपर्दैन’ उनले भनेका थिए ।

उनले नेपाल बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक देश भनेर संविधानमै लेखिएको भनी यस्तो ब्याख्या गरेका हुन् । उनले अगाडि भनेका छन्, ‘कसैको दायामायाले होइन, हजारौं शहीदको बलिदानले लेखेको संविधानको बगैंचामा तपाईंहरु एकथरि फूल हो । तपाईंहरुविना बगैंचाको शोभा हुँदैन ।’ तीन करोड नेपालीमा लाखौं क्रिश्चियन भइसकेको उल्लेख गर्दै उनले भनेका थिए, ‘क्रिश्चियनलाई मान्दिनँ भन्नु संविधान मान्दिन भन्नु हो । संविधान मान्दिनँ भन्ने देशद्रोही हुन् । कसैले देशद्रोह गर्छ भने त्यसलाई हत्कडी लगाउने, जेलमा हाल्ने हो ।’

मन्त्री किरातीको यही अभिव्यक्ति तरंगित भएको हो । मन्त्री किराती बोलिरहँदा ताली बजिरहेको थियो । तालीको तालमा बहकिएर बोल्दा मन्त्री किराती आलोचित बन्न पुगेका छन् ।

उनको अभिव्यक्तिलाई लिएर राजनीतिक नेताहरुले पनि टिप्पणी गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले सामाजिक सञ्जालमा लेखेका छन्, ‘संस्कृति मन्त्री सुदन किरातीको पछिल्लो अभिव्यक्ति, पृष्ठ २ मा

## नाम उद्योगी व्यवसायी काम ऋण लिने, विदेश जाने

**सपना बोहरा/मध्यान्ह**
दाङ, २५ असोज ।

दाङमा १२ हजार ९ सय २६ वटा उद्योग दर्ता छन् । तर ती सबै उद्योगहरु व्यवसायिक रुपमा संचालनमा छैनन् । व्यवसायिक रुपमा ती उद्योगहरु संचलनमा नभएपनि राजश्व कार्यालयमार्फत पानमा समेत दर्ता छन् ।

दाङमा यति धेरै उद्योगहरु संचालन भएको देखिनको मुख्य कारण हो, बैकबाट ऋण लिनु अनि बिदेशिनु । पछिल्लो पाँच वर्ष यता घरेलु तथा साना उद्योग कार्यालय दाङमा एक हजारको हाराहारीमा विभिन्न शीर्षकमा व्यवसाय गर्ने भन्दै उद्योगहरु दर्ता भएका छन् । गत आर्थिक वर्षमा मात्रै ८ सय २७ वटा उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालयमा रेकड छ ।

कोभिडको प्रभावसंगै देशमै आर्थिक मन्दी छ । संचालनमा रहेका पुराना उद्योगहरु पनि वन्द हुने अवस्था रहेको समयमा नयाँ उद्योगहरु दर्ता भईरहेका छन् । घरेलु तथा साना उद्योगमा दर्ता भएका उद्योगहरु कमै मात्रामा योजना अनुसारको काम गरेका छन् भने अधिकांश उद्योगहरु नाम मात्रका संचालनमा छन् । धेरै जसो उद्योगहरु विदेशमा जाने व्यक्तिको लागि आय श्रोत देखाउने माध्यम भएको छ भने बैकबाट ऋण स्वीकृतको लागि मात्र देखावटी रुपमा दर्ता भएका छन् ।

पछिल्लो समयमा अध्ययन तथा रोजगारीको लागि विदेश जानी होडबाजी चलेको छ । त्यसको लागि पारिवारिक आयश्रोत देखाउनु पर्ने अनिवार्य छ । बैकंहरुले पनि ऋणीको व्यवसाय आय स्रोत हेरे मात्र लगानी गर्ने नियम वनाएको छ । त्यस कारण पनि उद्योग दर्ता गरेर ऋण लिने अनि विदेश जाने धेरै छन् । अनि उद्योग दर्ता गर्नेको संख्या पनि क्रमिक रुपमा बढ्दै गएको छ ।

यद्यपि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका उद्योगहरु संचालनमै रहेको मान्नु पर्ने कार्यालयका सूचना अधिकारी विक्रम केसी बताउछन् । ‘खारेज नहुदासम्म १२ हजार ९ सय २६ उद्योग संचालनमै रहेको मान्नु पर्छ,’ उनले भने । केसीका अनुसार सबै भन्दाढी कृषि तथा पशुपंक्षी फर्महरु दर्ता भएक छन् । कार्यालयमा उत्पादनमुलक, कृषि तथा वन, खनिज, निर्माण, पर्यटन र सेवामुलक उद्योगका रुपमा दर्ता भएको उनले बताए ।

विदेश जान र ऋण लिनको लागि मात्रै उद्योगहरु दर्ता भईरहेकोमा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख युवराज न्यौपानेले पनि सहमत छन् । ‘पछिल्लो समयमा ऋण लिन र विदेश जानको लागि उद्योग दर्ता भएको सुन्नमा आएको छ,’ न्यौपानेले मध्यान्न दैनिकसँग भने ‘हामीले निरीक्षण गरेर एकिन तथ्यांक निकाल्छौ ।’

कार्यालयका कर्मचारीहरुले उद्योगको अवस्थाबारेमा निरीक्षण गर्दा धेरै जसो उद्योगहरु संचालनमा नभएको वताए । ‘केही उद्योगहरु व्यवसायी रुपमा संचालन छन्,’ उनले भने, ‘ नाम मात्रका उद्योगहरुको पत्ता लगाछौं,’ उनले भने । बैकले ऋण लगानी गर्दा अनिवार्य आयस्रोत खोज्दा उद्योगहरु दर्ता भएको पनि हुन सक्ने उनले वताए ।

उच्च शिक्षाको लागि जापान जाने तयारीमा रहेकी घोराही उपमहानगरपालिका १५ की सुजता पुनले पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## भिजिट भिसाको सेटिङमा संलग्न थप दुई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ पुस

नक्कली कागजातका आधारमा सेटिङ मिलाइ भिजिट भिसामा विदेश पठाइ मानव तस्करीमा सघाएको आरोपमा थप केही व्यक्तिहरु पक्राउ परेका छन् । प्रहरीले ट्राभल्स एजेन्सीका सञ्चालक बुद्धबहादुर बल भन्ने बुद्ध लामा र कमलराज हमाललाई पक्राउ गरिएको बताएको छ । प्रहरीले लामा र तामाङलाई नक्कली कागजात बनाउने तथा सेटिङ मिलाउने गरेको देखिएको भन्दै पक्राउ गरेको हो ।

प्रहरीले भिजिट भिसामा विदेश जान लागेका युवा युवतीहरुको शंकास्पद कागजातसहित बरामद राहदानीको अध्ययनका आधारमा उनीहरूलाई पक्राउ गरिएको बताएको छ । प्रहरीले गत असोज १७ गतेदेखि हालसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट १ हज ५ सय १३ थान राहदानी प्राप्त हुन आएकोमा त्यसमध्ये २ सय ४६ वटाको १२ कक्षाको सर्टिफिकेट, श्रम स्वीकृति, नाता प्रमाणित, प्रहरी रिपोर्ट र बैंक स्टेटमेन्ट नक्कली देखिएको बताएको छ ।

ती कागजात बनाउने व्यक्तिहरुको पहिचान गर्ने र उक्त नक्कली कागजातका आधारमा के-कसरी विदेश पठाइने रहेछ भन्ने विषयमा अनुसन्धान गर्दा एजेन्ट, कन्सलटेन्सी, ट्राभल्स एजेन्सीहरुले अध्यागमन कर्मचारी र एयरलाइन्सलाई प्रतिव्यक्ति १० हजारदेखि ५५ हजारसम्म दिएर सेटिङ मिलाइ विदेश पठाउने गरेको देखिएको प्रहरीले बताएको छ । पक्राउ गरिएका व्यक्तिहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त गौशाला, काठमाडौंमा राखिएको पनि प्रहरीले बताएको छ ।

यसैबीच वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले खोटाङको खोटेहाङ गाउँपालिका वडा नं. ७ घर भइ हाल ललितपुरको सातदोबाटो बस्ने विरेन्द्र उदासलाई पक्राउ गरेको छ । उदासले सविता गुरुङलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने प्रलोभन देखाएर त्यसका लागि २८ लाख पृष्ठ २ मा

### विभागमै कुटिए म्यानपावर सञ्चालक

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी निर्मलराय अमात कुटिएका छन् । केपी इन्टरनेशनल ओभरसिज प्रा.लि.का सञ्चालक अमातमाथि वैदेशिक रोजगार विभाग ताहाचलका निर्देशकको कार्यकक्षमा हातपात भएको हो । केपी इन्टरनेशनलबाट वैदेशिक रोजगारीको क्लिनर भिसामा कुवेत गएर फर्किएकी एक युवतीले दिएको उजुरीमाथि उद्धार तथा राहत समन्वय शाखाका निर्देशक लोकनाथ भुसालको कार्यकक्षमा बिहीबार छलफल भइरहेको अवस्थामा अमातमाथि हातपात भएको थियो । उक्त म्यानपावर कम्पनीका सञ्चालक अमातले आफ्नो म्यानपावरबाट एक जनामात्र फर्केको र अन्य पृष्ठ २ मा

### कोरियन भाषा परीक्षामा सहभागी गराउन आदेश

**काठमाडौं/मस–** उच्च अदालत पाटनले सीप विल्डिङमा फेल भएकाहरूलाई कोरियन भाषा परीक्षामा सहभागी गराउन आदेश दिएको छ । बिहीबार न्यायाधीश राज्यलक्ष्मी शाह र रमेशराज बज्राचार्यको संयुक्त इजलासले विल्डिङमा फेल भएकाहरूलाई कोरियन भाषा परीक्षामा सहभागी गराउन अन्तरिम आदेश दिएको हो ।

सुरज पाठकसमेत १८ जनाले श्रम, रोजगार तथा सामाजिक पृष्ठ २ मा

# सामाजिक सञ्जाल नियमनको मस्यौदा तयार



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जाल नियमन र व्यवस्थानका लागि विधेयकको मस्यौदा तयार गरेको छ । सूचना र प्रविधिको बढ्दो विकाससँगै यसको उपयोग र दुरुपयोगका सवाल सिर्जना भइरहेका बेला सरकारले नियमनका लागि संघीय संसद्मा विधेयक प्रस्तुत गर्ने तयारी गरेको हो ।

विज्ञापन बोर्डले बिहीबार आयोजना गरेको डिजिटल माध्यम तथा सामाजिक सञ्जालमा हुने विज्ञापन नियमनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीले सामाजिक सञ्जालको नियमन र व्यवस्थापन चुनौतीको विषय बनेका सन्दर्भमा आमनागरिक र सरोकारवालाको आग्रहका आधारमा विधेयक बनाइएको तथा मस्यौदालाई चाँडै सुझावका लागि सार्वजनिक गरिने जानकारी दिए । विधेयक मस्यौदा समितिका संयोजक सहसचिव सुवेदीले पहिलो पटक यसप्रकारको कानुन बन्न लागेको उल्लेख गर्दै सामाजिक सञ्जालमा हुनसक्ने दुरुपयोग र गलत सूचनाको प्रयोग तथा त्यसबाट हुनसक्ने हानि नोक्सानी रोक्न विज्ञापन नियमनका विषय पनि उक्त कानुनले सम्बोधन गर्ने बताए । नेपाल सरकारले सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी निर्देशिका जारी गरिसकेको छ ।

बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले प्रस्तावित विधेयकमा विज्ञापनदाता, एजेन्सी र सरोकारवालासँगको राय लिएर सुझाव दिइने बताए । उनले प्रविधिको विकास र विस्तारलाई रोक्न नसकिने भएकाले यसको नियमन तथा व्यवस्थापन आवश्यक भएकाले बोर्डले सरोकारवालासँगको परामर्शमा विद्युतीय माध्यम र सामाजिक सञ्जालमा हुने विज्ञापनका लागि नियमनका मापदण्ड तयार गरेको बताए । नेपाल विज्ञापन संघका अध्यक्ष सोम धितालले नियमन गरिँदा विज्ञापन एजेन्सीका १५ प्रतिशत सेवा शुल्क कटौती हुन नहुने र विज्ञापन बजारमा भइरहेको रोजगारीमा निरुत्साहन हुन नहुनेमा जोड दिए ।

# एसईईमा अब ३५ प्रतिशत अंक अनिवार्य




**भक्तपुर/मस-** राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले विद्यार्थीले २०८० सालमा सञ्चालन हुने एसईई परीक्षामा कम्तीमा ३५ प्रतिशत अंक ल्याउनैपर्ने बताए । नेशनल प्याप्सन भक्तपुरले शैक्षिक वर्ष २०८० को एसईईमा सम्मिलित हुने विद्यार्थीका लागि आयोजित परीक्षा मार्गनिर्देशन कार्यक्रममा उनले २०८० मा एसइई परीक्षा हुँदैन भन्ने भ्रममा नपर्न विद्यार्थीलाई आग्रह गरे ।

बोर्डका अध्यक्ष डा.शर्माले भने, 'एसईईमा अब एनजी (कुनै विषयमा ३५ प्रतिशत अंक नल्याएमा ननग्रेड हुन्छ) प्रणाली लागू हुँदैछ । यस वर्षकै एसईई परीक्षाबाट नयाँ ग्रेडिङ प्रणाली लागू गर्ने भएकाले अब उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीले एसइईमा ३५ प्रतिशत अंक ल्याउनैपर्ने हुन्छ ।'

कार्यक्रममा प्रसिद्ध उत्प्रेरक डा. ताराप्रसाद गिरीले स्कुल जीवनमा नै भविष्य बनाउनु पर्ने भन्दै शिक्षक एवं आमाबुबाको मार्गनिर्देशनमा हिँड्ने व्यक्ति सफल हुने बताए ।

मार्गनिर्देशनमा नेशनल प्याप्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले अक्षराङ्क प्रणालीका कारण नपढे पनि उत्तीर्ण भइन्छ भन्ने विद्यार्थी र अभिभावक अझै भ्रममा रहेको बताए । उनले यस्ता भ्रममा नपरी सिकाइलाई मजबुद बनाउँदै लैजान विद्यार्थीलाई आग्रह गरे ।

कार्यक्रममा पूर्व परीक्षा नियन्त्रक तथा उपसचिव अर्जुनबहादुर रायमाझी, नेशनल प्याप्सनका केन्द्रीय सदस्य जिबि खड्कालगायतले कोभिडका कारण बिग्रिदै गएको पढाइको पद्धतिलाई विद्यालय, अभिभावक तथा विद्यार्थी सबैले सुधारेर लैजानुपर्नेमा जोड दिए ।

# जनप्रगतिशील मञ्च जापानको अधिवेशन जनवरी २८ मा हुने




**जिपि लामिछाने/मध्यान्ह**
टोकियो, ५ पुस

नेपाली जनप्रगतिशील मञ्च जापानको अधिवेशन आगामी जनवरी २८ मा हुने भएको छ ।


प्रवासी नेपालीहरुमा आपसी सद्भाव, भाइचारा र एकताको अभियान ज्ञान सीप र पूँजीको लगानीसहित समृद्ध नेपालको लागि नवौं अधिवेशन भन्ने मूल नाराका साथ टोकियोमा अधिवेशन गर्न लागिएको हो । मञ्चको तयारी बैठक बसेर जनवरी २८ तारिक आइतबारका दिन अधिवेशन गर्न लागिएको महासचिव बाबुराम पौडेलले जानकारी दिए ।

जनप्रगतिशील मञ्च जापानले भर्खरै जाजरकोट र रुकुमका भूकम्प पीडितका लागि आर्थिक सहयोग संकलन गरी नेपाल पठाएको थियो ।

नेपालमा आइपर्ने यस्ता खालका विपदहरुमा हातेमालो गर्नका लागि पनि प्रवासमा यस्ता संस्थाहरुको खाँचो रहेको मञ्चका अध्यक्ष भवानी पन्तले बताइन् ।

मञ्चले यसै कार्यकालभित्र हालका प्रधानमन्त्री पुष्पकल दाहाल प्रचण्डलाई समेत जापान घुम्ने अवसर मिलाएको थियो । मञ्चले क्षेत्रीय अधिवेशन समेत गरिसकेको छ भने आगामी जनवरीमा हुने अधिवेशनको प्रचारलाई तीव्रता दिँदै तयारी थालेको छ। अधिवेशनले आगामी दुई वर्षे कार्यकालको लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

# रेड कर्नर नोटिस जारी गरिएका चार जना विदेशबाट पक्राउ



**काठमाडौं/मस-** नेपाल प्रहरीले एक हप्ताको अवधिमा इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भई फरार रहेका चारजनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याएको छ । प्रहरीले इन्टरपोल तथा विभिन्न सदस्य राष्ट्रको समन्वयमा विभिन्न मुद्दामा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएका उनीहरुलाई नेपल ल्याइएको हो ।

प्रहरी नायब महानिरीक्षक कुवेर कडायतका अनुसार युनाइटेड अरब इमिरेटस् (युएई) को दुबईबाट तीन तथा कुवेतबाट एकजनालाई नेपाल ल्याइएको हो । विद्युतीय कारोबारको कसुरमा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका प्यूठानको सरुमारानी गाउँपालिका-१ का ३३ वर्षीय सगीर अहमदलाई पक्राउ गरी बुधबार नेपाल ल्याइएको हो

यसअघि स्याङ्जाको वालिङ नगरपालिका-११ भोर्लेका ३५ वर्षीय यामबहादुर बुढाथोकी, काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका-८ का ३१ वर्षीय उमेश लामा र सर्लाहीको जानकीनगरका कोमलराज उपाध्यायलाई पक्राउ गरी नेपाल ल्याएको प्रहरी नायब महानिरीक्षक कडायतले बताए ।

# वीरगञ्ज नाकाबाट एक वर्षमा एक हजार नौ सय पर्यटक भित्रिए



**पर्सा/मस-** पर्साको वीरगञ्ज भन्सार नाकाबाट एक वर्षको अवधिमा एक हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।


वीरगञ्जस्थित पर्यटक प्रहरी कार्यालयका अनुसार गत २०७९ पुस १ गतेदेखि २०८० मंसिर ३० गतेसम्म सो नाकाबाट एक हजार नौ सय ६३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने एक हजार नौ सय ६२ विदेशी पर्यटक बाहिरिएका छन् ।

अघिल्लो वर्ष सोही अवधिमा वीरगञ्ज नाकाबाट छ सय ५९ विदेशी पर्यटक नेपाल भित्रिएको पाँच सय पाँच विदेशी पर्यटक बाहिरिएका थिए । नेपालको हावापानी र घुमफिर गर्ने मौसमको दृष्टिकोण उपयुक्त मानिएको असोज, कात्तिक, मंसिर र पुस महिनामा नेपाल भित्रिने पर्यटकको संख्या अन्य महिनाको तुलनामा बढी रहेको पर्यटन प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक अनिलकुमार महतोले जानकारी दिए ।

नेपालमा पर्यटकीय आकर्षणका क्षेत्र बढ्दै गएको, हावापानी उपयुक्त भएको र कोरोना सङ्क्रमण न्यून भइसकेकोलगायत कारणले वीरगञ्ज नाकाबाट पर्यटक भित्रिने क्रम बढेको उनको भनाइ थियो । भारतको विभिन्न हुँदै वीरगञ्ज नाकाबाट नेपाल भित्रिने पर्यटकमा बढी अमेरिका, फ्रान्स, थाइल्याण्ड, जर्मनी, युएसए र क्यानडाका पर्यटक रहेको प्रहरी नायब निरीक्षक महतोले बताए ।

वीरगञ्ज नाकाबाट भित्रिने विदेशी पर्यटकलाई होटल, यातायात तथा अन्य क्षेत्रमा असुविधा वा ठगी हुन नदिन सचेत गराउनाका साथै दुर्घटनामा परी घाइते भएका विदेशी पर्यटकलाई उपचार गराई परिवारको जिम्मा लगाउने कार्यसमेत पर्यटक प्रहरी कार्यालयले गर्दै आएको उनको भनाइ थियो ।

# साहित्यकार बसन्त चौधरीको 'मनका कुरा' युट्युबमा आउँदै




**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ५ पुस

उद्यमी तथा वरिष्ठ साहित्यकार बसन्त चौधरीले हरेक शुक्रबार सीजी युट्युबमार्फत अन्तर्वार्तामा आधारित 'मनका कुरा वीथ बसन्त चौधरी' कार्यक्रम प्रसारणमा ल्याउने भएका छन् ।

सो कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरूसँग जीवनमा भोगेका, गरेका कुराहरूमा आधारित जीवन शैलीलाई आम दर्शकमाझ पस्कने उद्देश्य अनुरुप मनका कुरामार्फत कार्यक्रम ल्याउने चौधरीले पत्रकार सम्मेलनमार्फत जानकारी गराएका छन् ।

कलाकार मनीषा कोइराला, नीर शाह, सुरक्षा पन्त, दीपक बज्राचार्य, आनी छोइङ लामा, रुबी राणा, उद्यमी विदुषी राणा, मानसी अग्रवाल लगायतसँगको संवाद मनका कुरा सीजी युट्युबमार्फत प्रसारण गरिने आयोजक संस्थाले जनाएको छ ।

'मनका कुरा' कार्यक्रम शुक्रबारदेखि प्रसारण हुने र पहिलो अतिथि मनीषा कोइराला रहने बताइएको छ ।

'जीवन यात्राका क्रममा धेरै ट्वीस्ट हुन्छन् । तथापि आफूले चाहेको गन्तव्यमा पुग्न अनवरत प्रयत्न गरिरहनुपर्छ, प्रयत्नले गर्दा नै मैले पनि व्यापार व्यवसाय बाहेक मनले रोजेको सिर्जना यात्रामा केही पाइला हिँड्न सकेँ,'साहित्यकार चौधरीले भने ।

उनले आफ्ना कुरा बाहेक जीवन र जगतबाट सिकेका र अनुभूत गरेका कुराहरू आफ्ना सिर्जनाहरु युट्युबमार्फत व्यक्त गर्ने जनाइएको छ ।

६७ वर्षीय उद्यमी चौधरी १७ वर्षको उमेरदेखि नै पुर्ख्यौली व्यवसाय अरुण इम्पोरियममा आबद्ध छन् । २०४१ सालमा 'ग्रुप-३' नामक कम्पनी स्थापना गरी उनले आफ्नै व्यवसाय शुरु गरेका थिए । विज्ञापन एजेन्सीका रूपमा स्थापित उक्त कम्पनीबाट 'उर्वशी' पत्रिका समेत प्रकाशनमा ल्याएका थिए । वि.स.२०५७ सलमा स्थापित नर्भिक इन्टरनेशनल हस्पिटलका संस्थापक अध्यक्ष चौधरी ग्रुपको प्रबन्ध निर्देशक थिए । वि.स.२०४५ मा सुनसरीको दुहबीस्थित पशुपति बिस्कुट उद्योग सम्हालेका चौधरीले लुनकरणदास गंगादेवी चौधरी च्यारिटी हस्पिटल स्थापना गरी स्वास्थ्य सेवाको सरुवात गरेका छन् ।

# नागार्जुन नगरवासीलाई नि:शुल्क रगत



**काठमाडौं/मस-** नागार्जुन नगरवासीले बिरामी हुँदा नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय रक्तसञ्चार सेवा कालिमाटीबाट रगत र रक्ततत्व लैजानु परे सेवा शुल्क तिर्नु नपर्ने भएको छ । यस्तो शुल्क विसं २०८१ मङ्सिरसम्मका लागि नगरपालिकाले व्यहोर्ने गरी केन्द्रीय रक्तसञ्चार सेवा र नगरपालिकाबीच सम्झौता भएको छ ।

यसका लागि नगरपालिका र वडाले रक्तदान शिविर आयोजना गर्न प्रेरित र सहजीकरण पनि गर्ने छन् । सम्झौतामा नगरको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारी र रक्तसेवाको तर्फबाट निर्देशक पवनकुमार गुप्ताले हस्ताक्षर गरे । भक्तपुरका सबै नगरपालिका र काठमाडौँमा महानगरपालिका, चन्द्रागिरि नगरपालिका, कीर्तिपुर नगरपालिका लगायत अन्य पालिकासँग पनि जनतालाई सुलभ रगतका लागि सम्झौता सम्पन्न भइसकेको छ । बाँकी सबै स्थानीय तहमा सहकार्य गर्न प्रयत्न भइरहेको नेपाल रेडक्रस सोसाइटीको समन्वय निर्देशक दिव्यराज पौडेलले जानकारी दिए ।

# महाभारतमा डेढ वर्षसम्म सडक निर्माण अलपत्र

**काभ्रेपलाञ्चोक/मस-** काभ्रेपलाञ्चोकको दक्षिणी क्षेत्र (डाँडापारि)मा अवस्थित महाभारत गाउँपालिकाको तीनखुट्टे-देवीटार सडकखण्डको आठ दशमलव सात किलोमिटर सडकखण्ड निर्माण करिब डेढ वर्षदेखि अधुरो अवस्थामा छ । कालोपत्र गर्ने कार्य सम्झौता अवधि सकिएको १७ महिनासम्म सम्पन्न हुन नसक्दा स्थानीयले सदरमुकाम धुलिखेल आवतजावतमा निकै कठिनाइ भोग्नुपरेको छ ।

निर्माण व्यवसायीको लापरवाही तथा ढिलासुस्तीका कारण वर्षात्को समयमा चार महिनासम्म उक्त सडक अवरुद्ध बनेको स्थानीयले बताएका छन् । विसं २०७९ असार मसान्तसम्म अवधि रहेको उक्त सडकखण्ड निर्माणको ठेक्का लिएको श्रेष्ठ सक्षम जेभी कम्पनीलाई पटक-पटक मौखिक र लिखितरूपमा ताकेता गर्दा बेवास्ता गरेको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बताउनुभयो । उहाँका अनुसार जिल्ला प्रशासन कार्यालय तथा पूर्वाधार विकास कार्यालयलाई पनि जानकारी गराइएको थियो ।

उक्त मंलटर-चारकिल्ला-तीनखुट्टे-बनखु सडक आयोजनाको विसं २०७७ असोज २० गते बागमती प्रदेशका तत्कालीन मन्त्री रामेश्वर फुँयालले तीनखुट्टेमा शुभारम्भ गरेका हुन् । सडक अभावमा विकट मानिएको महाभारत गाउँपालिकाको तीनखुट्टे-देवीटार सडकखण्ड स्तरोन्नतिसहित कालोपत्रका लागि ४९ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । म्याद सकिँदासम्म उक्त आयोजनाको ५० प्रतिशत निर्माण भएको छ ।

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/२३ मा दर्ता भएको प्रा.लि.नं.१५५३३३/०७३/०७४ को **सुभाष श्रेया पब्लीकेशन प्रा.लि.** को मिति २०८०/०९/०२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

**जनज्योति एजुकेसनल फाउण्डेसन कन्चनपुर लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सार्वजनिक सूचना**

यस कम्पनीको यहि मिति २०८०/०९/०५ गतेमा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा (आ.व.२०७९/०८०) निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल पौष २८ गते शनिवार (January 13, 2024)।
**समय** : बिहान १०.०० बजे ।
**स्थान** : जनज्योति एजुकेसनल फाउण्डेसन कन्चनपुर लि. को कार्यालय, भीमदत्त १८, महेन्द्रनगर कञ्चनपुर ।

**छलफलका विषयहरु :**

क) आ. व. २०७९/०८० को कम्पनीको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
ख) आ. व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
ग) आ. व. २०८०/०८१ का लागि लेखा परीक्षकको नियुक्ति सम्बन्धमा ।
घ) लाभांश वितरण सम्बन्धमा ।
ङ) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कांग्रेसमा...

संयोजकममातमा मनोनयन गरी गुटबन्दीमाई प्रश्रय दिएको, प्रदेश समितिमा संगठनको हितमा बोल्नेलाई पाखा लगाउन बैठकमा नबोलाउने गरेको र बैठकको निर्णय पुस्तिकामा समेत हस्ताक्षर गर्न नदिइरहेको जस्ता हर्कत गरेकाले समस्याको तत्कान समाधान गर्न सभापति देउवासंग शेखर समूहका नेताहरु अनुरोध गरेका छन् ।

प्रदेश सभापति कृष्ण यादव एकलौटी रुपमा अगाडि बढेको भनी कोइराला समूहले शेरबहादुर देउवामाथि समेत प्रश्न उठाएका हुन् ।

एकले अर्कोको अस्तित्व स्वीकार गर्न नसक्दा कांग्रेसका मञ्चमै नेताहरुको इगो छचल्किने गरेको छ ।

## भीडसँगै...

सामाजिक सद्भाव र सहिष्णुता खलबलाउने प्रकृतिको, उत्तेजक, गैरजिम्मेवार, पदीय गरिमा विपरीतको र अत्यन्तै खेदजनक छ ।'

राप्रपा महामन्त्री धवलशमशेर राणाले पनि मन्त्री किरातीले दिएको अभिव्यक्ति गलत भएको बताएका छन् । 'तपाईंजस्तो पदमा बसेको मन्त्रीले भनेको कुरा गलत हो । तपाईंले माफी माग्नुपर्ने हन्छ' राणाले भनेका छन् ।

हिन्दु राष्ट्र र राजतन्त्रको एजेण्डा बोक्दै आएको राप्रपाले औपचारिक रुपमै विरोध जनाएको छ । राप्रपा प्रवक्ता मोहनकुमार श्रेष्ठले विज्ञप्ति निकालेर भनेका छन्, 'संस्कृति र धार्मिक सहिष्णुतामाथि धावा बोल्ने व्यक्ति कुनै पनि कोणबाट मन्त्री पदमा रहिरहन उपयुक्त हुँदैन, त्यसर्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीलाई तत्काल बर्खास्त गर्नका लागि प्रधानमन्त्रीसँग राप्रपा जोडदार माग गर्दछ ।'

## नाम..

आयस्रोत देखाउनको लागि उद्योग दर्ता गर्नु परेको बताइन् । 'बिदेशमा पढन जानको लागि धेरै लगानी चाहिन्छ,' उनको भनाइ छ, 'त्यहाँको कलेजलाई धेरै आयस्रोत देखाउनको लागि उद्योग दर्ता गरेका हौं । कृषिका उद्योगमा आयस्रोत देखाउन सहज हुँदो रहेछ ।'

## भिजिट...

रुपैयाँ लाग्ने भन्दै ९ लाख रूपैयाँ लिएर फरार भएका थिए ।

उदासविरुद्ध परेको उजुरीमा उनले माल्टामा तीन लाख रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ प्रलोभनमा पारी उक्त रकम लिएको उल्लेख छ । पक्राउ परेका उदासलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

## विभागमै...

म्यानपावर कम्पनीबाट कुवेत गइ फर्केका महिलाहरु अनधिकृत महिलाको समेत हुल बनाएर आएर छलफल भइरहेको अवस्थामा आफूमाथि हातपात भएको बताए । हातपातपछि उनीहरू 'हाम्रो पनि मान्छे ठाउँमा छन्, रामहरि खतिवडा हाम्रो नेता हो' भन्दै कार्यालयबाट बाहिरिएको उनले बताए ।

विभागले बिचौलिया तथा अनधिकृत व्यक्तिको प्रवेश रोक्न निजी कम्पनीबाट सुरक्षाकर्मी हायर गरेर खटाएको छ । तर अनधिकृत महिलाहरू निर्देशकको कार्यकक्षमा सहजै पुग्नु र समस्याको समाधानका लागि छलफल भइरहेको बेला म्यानपावर सञ्चालकमाथि हातपात भएको घटनाले वैदेशिक रोजगार विभाग ताहाचलमा गरिएको सुरक्षा प्रबन्धमा पुनर्विचार हुनुपर्ने केही सेवाग्राहीले टिप्पणी गरेका छन् । घटनाका सम्बन्धमा विभागले भने केही बताएको छैन ।

## कोरियन...

सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग ताहचल र ईपीएस शाखा कार्यालय ग्वार्को ललितपुरविरुद्ध उच्च अदालत पाटनमा उत्प्रेषणको रिट दायर गरेका थिए ।

# ‘भौगोलिक बनावटअनुसार व्यवस्थित शहरको विकास गर्नुपर्छ’



काठमाडौं/मस- प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको भौगोलिक बनावटअनुसार योजनाबद्धरुपमा व्यवस्थित शहर बसाल्नुपर्ने अपरिहार्यता औंल्याएका छन् ।

सिंहदरबारमा बिहीबार भएको शहरी विकास र वन तथा वातावरण मन्त्रालयको संयुक्त वार्षिक समीक्षा बैठकमा उनले पूर्वपश्चिम र उत्तरदक्षिणलाई एकापसमा जोड्ने विकासको रणनीति हुनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले काठमाडौं उपत्यकाभित्र व्यवस्थित नमूना शहर निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै आफ्नो दोस्रो कार्यकालमा ‘स्मार्टसिटी’को अवधारणा अघि सारेको जानकारी दिए । उनले भने,‘अब योजनाबद्ध शहरको विकास गर्नुपर्छ, त्यसलाई स्मार्टसिटीको नाम दिएका छौं, यो दीर्घकालीन रणनीतिलाई गम्भीरपूर्वक सोचेर कार्यान्वयनमा जानुपर्छ ।’

प्रशासनिक भवन निर्माण सम्पन्न नहुँदा केही स्थानीय सरकारले सेवा प्रवाहमा समस्या झेल्नुपरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चाँडै जनताको नजिकको सरकारका रुपमा रहेका स्थानीय तहका प्रशासनिक भवन निर्माण गर्नुपर्ने बताए । उनले व्यवस्थित शहरीकरण र शहरी सौन्दर्यलाई सँगसँगै लैजानुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री दाहालले भने, ‘म पहिलोपटक प्रधानमन्त्री हुँदा नै मध्यपहाडी लोकमार्ग शुरू गरिएको थियो । हुलाकी राजमार्ग पनि हामीले नै अगाडि बढाएका थियौं । उत्तर-दक्षिण करिडोर पनि विकासको हाम्रो दृष्टिकोण हो । देशको अवस्था जस्तो छ, भौगोलिक बनोट जस्तो छ, आर्थिक चरित्र जसरी विकसित भइरहेको छ, विकासको ढाँचा पनि त्यस्तै बनाउनुपर्छ ।’ प्रधानमन्त्री दाहालले वन र वातावरणका क्षेत्रमा धेरै नीतिगत र कानूनी सुधार जरूरी रहेको औंल्याए ।

विसं २०२९ को ऐनले अहिलेको स्थिति सम्बोधन नगर्ने जनाउँदै उनले हिजो ऐन बनाउँदा मानवबस्ती नभएका ठाउँ अहिले शहरीकरण भइसकेका हुँदा वन र विकास एकअर्काका विरोधी हुन् भन्ने भाष्य बदल्नुपर्ने बताए ।

वनजंगलका क्षेत्रमा नेपाल धनी भए पनि बर्सेनि अर्बौंको काठ आयात गर्नु परिरहेको यथार्थ प्रस्तुत गर्दै प्रधानमन्त्रीले जंगलमा ढलेका रूखसमेत सजिलैसँग उपयोग गर्न नसकिने परिस्थितिको अन्त्य गरिनुपर्ने बताए ।

बैठकमा शहरी विकासमन्त्री सीता गुरूङले आयोजनाको संख्या र बजेटको सीमितताका बीच काम गर्नुपर्ने अवस्था रहेको जानकारी दिँदै व्यवस्थित शहर बनाउने परियोजनालाई पनि राष्ट्रिय गौरवका आयोजनामा समावेश गरेर जानुपर्ने बताए ।

एक वर्षको अवधिमा निजी आवास निर्माणतर्फ मन्त्रालयले केही प्रगति गरेको तथ्य पेस गर्दै उनले अब भूकम्पबाट भत्किएका निजी घर निर्माणमा केन्द्रित हुने बताए ।

वन तथा वातावरण मन्त्री वीरेन्द्र महतोले रूख कटानको कानूनी प्रक्रिया लामो हुँदा विकास आयोजनाको काम प्रभावित भएको तथा काठ निर्यातको भन्सार नीति वैज्ञानिक नभएको जनाउँदै मन्त्रालय त्यसको समाधानमा केन्द्रित भएको बताए ।

मुख्यसचिव वैकुण्ठ अर्यालले वनले प्रकृति संरक्षणमा मात्र जोड दिने र विकासे मन्त्रालयले विकासको मात्र कुरा गर्दा विकास नीति असन्तुलित हुने बताए । उनले वन र विकासलाई एकअर्काका सहयोगी अंगका रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए ।

शहरी विकास मन्त्रालयका सचिव सरजु वैद्यले विदेशी सहायताको बजेटको प्रभावकारी कार्यान्वयनका लागि पहल गरिएको, आयोजनाको स्तर र बजेटको प्रबन्धबीच उचित तालमेल आवश्यक देखिएको र कार्यचापका दृष्टिले जनशक्ति वृद्धि गर्नुपर्नेमा जोड दिए ।

उनले जाजरकोट र रूकुम पश्चिममा भूकम्पले क्षति पुऱ्याएका घरको पुनर्निर्माण प्रभावकारी बनाउन मन्त्रालयले तयारी गरिसकेको बताए ।

वन तथा वातावरण मन्त्रालयका सचिव दीपक खरालले वन क्षेत्रको उपयोग र जङ्गल कटानीमा अत्यधिक समय र जनशक्ति खर्चिनुपरेको, वातावरणीय प्रभाव मूल्याङ्कनको समय बढी लागेकाले यी समस्या समाधान गर्न मन्त्रालय क्रियाशील रहेको बताए । सचिव खरालले कोप-२८ मा नेपालको नेतृत्वदायी भूमिका रहेको स्मरण गर्दै नेपालले प्राप्त गर्ने जलवायु वित्तमा पहल लिने योजना बनाइएको र अन्तर्राष्ट्रिय पर्वतीय शिखर सम्मेलनको आयोजनाको तयारी गरिएको जानकारी दिए ।

प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले एकातर्फ नेपालको काठ कुहिएर जाने र अर्कोतर्फ विदेशबाट ठूलोमात्रामा काठ आयात भएको जनाउँदै त्यसको सम्बोधन जरुरी रहेको बताए । साथै फोहर व्यवस्थापनको दीर्घकालीन रणनीति र योजनाका साथ काम गर्नुपर्नेमा उनले जोड दिए । प्रधानमन्त्री कार्यालयका अर्का सचिव गणेश पाण्डले नेपालको काठ देशभित्रै उपयोगका निम्ति लचिलो नीति अपनाउनुपर्ने तथा वातावरणीय प्रभाव मूल्याङ्कनको काम छिटो र प्रभावकारी हुनुपर्ने बताए ।

# निमोनिया रोकथामका लागि तयारी रहन निर्देशन



**काठमाडौं/मस**–चीनका बालबालिमा देखिएको कडा खालको निमोनिया नेपालमा पनि फैलन सक्ने सम्भावना भएकाले रोकथामका लागि तयारी अवस्थामा रहन सरकारले अस्पतालहरुलाई निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले निमोनियाको रोकथाम र उपचारका लागि अस्पतालहरुलाई उच्च सतर्कता साथ तयारी अवस्थामा राखिएको बताए ।

बुढाथोकीका अनुसार रेस्पिरेटरी सिन्सिटिअल भाइरस (श्वासप्रश्वासमा असर गर्ने भाइरस)ले गर्दा चीनका बालबालिकामा कडा खालको निमोनिया देखिएको छ । कोरोना भाइरस जस्तै सर्ने डरले नेपालले उक्त रोगको उपचार र रोकथाममा लागि सबै निकायलाई सचेत गराइसकेको उनले जानकारी दिए ।

बुढाथोकीले चीनबाट प्रवेश गर्ने सीमा नाका र अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका हेल्थ डेक्समा चेकजाँच कडाइ गरिएको बताए । उनले भने, ‘चीनमा यसको सङ्क्रमण देखिएको पनि धेरै समय भयो । यदि नेपालमा प्रवेश गर्ने थियो भने पहिल्यै नै आइसक्ने थियो । अहिले हामीले अस्पताललाई तयारी अवस्था राखेका छौं भने सबैलाई सचेत रहन आग्रह गरेका छौं ।’

मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले नेपालमा यसअघि देखिएका भन्दा फरक र लामो समयसम्म निमोनियाका लक्षण देखिएका बिरामीको नमुना सङ्कलन गर्न सम्बद्ध सबैलाई निर्देशन दिइएको बताए । इमिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले उक्त निमोनियाको रोकथाम तथा उपचारका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, जनस्वास्थ्य प्रयोगशाला, कान्ति बाल अस्पतालसँग छलफल गरिसकेको उनले जानकारी दिए ।

महाशाखाका वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डा.हेमन्त ओझाले सम्भावित जोखिम कम गर्नका लागि सरोकारवाला निकायसँग छलफल गरिएको बताए । उनले चीनमा देखिएको निमोनिया कुनै नौलो किसिमको संक्रमण नभएको र श्वासप्रश्वाससम्बन्धी रोग रहेको उल्लेख गर्दै सबै निकायलाई सचेत बनाइएको जानकारी दिए ।

‘चीनमा एक्कासि धेरै बालबालिका निमोनिया देखिएको छ । कोरोना र मङ्किफक्सले गर्दा हामी झस्किएका छौं । त्यसैले बेलैमा निमोनियाको रोकथाम र उपचारका लागि तयारी अवस्थामा रहन सबै निकायलाई निर्देशन दिएका छौं,’ ओझाले भने । उनले उक्त निमोनियाको परीक्षण गर्ने व्यवस्था नेपालमा रहेको भन्दै जोखिमको तह बढ्दै गए सोही अनुसार उपचार र रोकथाम गरिने बताए ।

कान्ति बाल अस्पतालका निर्देशक डा.पंकज रायले निमोनियाको उपचारका लागि अस्पताल तयारी अवस्थामा रहेको बताए । ‘हाम्रीले अस्पतालमा चिकित्सकको समूहलाई निमोनियाको उपचारका लागि तयारी अवस्थामा राखेका छौं,’ उनले भने ।

रायका अनुसार रेस्पिरेटरी सिन्सिटिअल भाइरस (आरएसभी) गर्दा भएको निमोनियाले बच्चामा लामो समयसम्म रुघाखोकी लाग्ने, जीउ दुख्ने, श्वासप्रश्वाससम्बन्धी समस्या आउने, ज्वरो आउने, छाति बज्ने, सिँगान बग्नेलगायत जस्ता लक्षण देखिने गर्दछन् । उनले अहिले पनि अस्पतालमा निमोनियाको प्रभावकारी उपचार भइरहेको बताए ।

# बल्खु महिला हत्या प्रकरणः फरार व्यक्ति ६ वर्षपछि पक्राउ



**काठमाडौं/मस**–काठमाडौंको बल्खुस्थित बोक्सीदह डाँडामा २०७४ सालमा एक महिलाको हत्या गरी फरार दुई जनालाई नेपाल प्रहरीले ६ वर्षपछि पक्राउ गरेको छ ।

प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको टोलीले २०७४ पुस ३० गते बल्खुस्थित बोक्सीदह डाँडामा नारायणी तिमल्सिनाको हत्या गरी फरार दुईजनालाई पक्राउ गरी बिहीबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा अर्घाखाँची जिल्ला सीतगंगा नगरपालिका-१४ का ३७ वर्षीय जगत विश्वकर्मा र धादिङ जिल्ला त्रिपुरासुन्दरी गाउँपालिका-३ का ४६ वर्षीय शिवराम अधिकारी रहेका छन् । पत्रकार सम्मेलनमा अनुसन्धान अधिकृत सुरक्षा केसीले हत्या गरेपछि विदेश फरार रहेका विश्वकर्मालाई बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको जानकारी दिए । अधिकारी भने चोरी मुद्दामा विसं २०७९ कात्तिक २९ गते पक्राउ परी तीन वर्ष कैद सजाय पाएर हाल केन्द्रीय कारागार सुन्धारामा रहेको प्रहरीले जनाएको छ ।

‘अधिकारीले मृतक तिमल्सिनालाई भूपु आर्मीसँग विवाह गराइदिने प्रलोभन देखाएर रू १५/२० हजारसहित गरगहना लगाई आउनु भन्दै फोन गरी बोलाएको र बल्खु खोलामा लगेर हत्या गरेको खुल्न आएको छ’, केसीले भने । विश्वकर्मासँग अधिकारीको मृतक तिमल्सिनाको हत्या गर्ने दिन मात्रै चिनजान भएको अनुसन्धानका क्रममा खुलेको उहाँले बताए ।

# अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर




**काठमाडौं/मस**-जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन जारी परमादेशबमोजिम हालसम्म कानून नबनाएको भन्दै सर्वोच्च अदालतमा अवहेलना मुद्दा दर्ता भएको छ ।

सर्वोच्च अदालतले २०७५ पुस १० गते दिएको परमादेशअनुसार सरकारले अहिलेसम्म कानून नबनाएको उल्लेख गर्दै अधिवक्ता पदमबहादुर श्रेष्ठले अदालतको अवहेलना मुद्दा दायर गरेका हुन् । उक्त मुद्दामा यही पुस १२ गते सुनुवाइ हुनेछ ।

अदालतको आदेशमा भनिएको थियो, ‘जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने सन्दर्भमा एउटा छुट्टै कानून निर्माण गरी समस्या सम्बोधन गर्न जरुरी भएकाले जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानून यथाशीघ्र निर्माण गरी लागू गर्नू, गराउनू ।’


बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

**ढुङ्गागिट्टी रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना ।**

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/०६ गते ।

यस कार्यालयबाट चालु आर्थिक बर्ष २०८०।०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(घ)(६) बमोजिम बडीमालिका नगरपालिका क्षेत्र भित्रका तपसिलका खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलनको कार्य बढाबढ ठेक्का बन्दोवस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित निकायबाट इजाजत प्राप्त गरी मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा व्यक्तिवाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र १६ औ दिनको १२।०० बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । शुल्क अशुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ । साथै ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको राजस्व र प्रशासन तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेव पेज www.badimalikamun.gov.np बाट समेत लिन सकिनेछ ।

| सि.नं | ठेक्का नं | ठेक्का विवरण | निकासी गर्न सकिने परिणाम | न्यूनतम अंक मूल्य अभिवृद्धि कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | बडीमालिका नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन बमोजिम बाउली चुथी, अनाई, भौनेरा, मैमातोला, बुढीगंगा, जडाङ्गा हुदै द्वारी सम्मको क्षेत्रवाट ढुङ्गा गिट्टी रोडा तथा वालुवाको शुल्क संकलन गर्ने कार्य | १३,०९६.५४१५ घनमिटर | रु.९,२५,०००।०० | रु. १,५००।० |

पुष्प राज भट्ट
नि. प्रमुख प्रशासकीय अधिकृत



**Katari Municipality**
**Office of Municipal Executive**
**Koshi Province, Udayapur, Nepal**

**Letter of Intent to Award the Contract**

**Date of publication: 22nd December, 2023 (2080/09/06)**

This is to notify all concerned bidders that it is our intention to award contracts to the following parties, selected as the Substantially Responsive Lowest Evaluated Bid for the execution of the specified works under Contract ID provided below:

| S. N. | Contract ID | Description of work | Name and Address of Successful Bidder | Bid Price including VAT and PS (NRs) |
|---|---|---|---|---|
| 1 | KMUN/W/NCB/01/080/81 | Construction of Ward no. 2 Administrative Building | M/S Chiranjivi Construction and Suppliers, Katari 4 | 43,17,778.83 |
| 2 | KMUN/W/NCB/02/080/81 | Construction of Ward no. 10 Administrative Building | M/S Bhimeshwor Construction Pvt. Ltd, Biratnagar 12 | 46,69,813.72 |
| 3 | KMUN/W/NCB/03/080/81 | Construction of Birthing Center at Dumribot, Kurin Bhanjyang | M/S PS Construction, Gaighat | 52,02,600.22 |
| 4 | KMUN/W/NCB/04/080/81 | Construction of Birthing Center at Sorung Chhabise, Ward no. 10 | M/S Tribeni Engineering and Suppliers Pvt. Ltd, Katari 4 | 54,11,495.74 |
| 5 | KMUN/W/NCB/05/080/81 | Construction of Black Topped Road in Katari Municipality (South of Triveni H.S School) | M/S Raut / Ambika JV, Triyuga 2, Udayapur | 1,51,88,534.51 |

This notice is published as per Public Procurement Act 2063, Clause no. 27.2 & 27.3.

**Chief Administrative Officer**
**Katari Municipality**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

६ पुस २०८०, शुक्रबार
22 December 2023, Friday

## सम्पादकीय

# लोकरिझाइको डरलाग्दो दौड


संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री सुदन किराँतीले बुधबार आयोजित एक धार्मिक कार्यक्रममा दिएको अभिव्यक्तिलाई लिएर सामाजिक सञ्जाल र केही राजनीतिक तथा धार्मिक संस्थाहरूले चर्को आपत्ति जनाएका छन् । मन्त्री किराँतीले धार्मिक सहिष्णुता खल्बल्याउने अभिव्यक्ति दिएको उनीहरूको टिप्पणी देखिन्छ । विशेषगरी क्रिश्चियन धर्मलाई प्रोत्साहन हुनेगरी अभिव्यक्ति दिएर मन्त्री किराँतीले धर्म निरपेक्ष संविधानको पालना गर्न नसकेको उनीहरूको आरोप छ । हिन्दू राज्यको माग गर्दै आएको राप्रपा र हिन्दू धार्मिक संघसंस्थाले मन्त्री किराँतीको राजीनामा नै मागेका छन् । मन्त्री किराँतीको अभिव्यक्तिलाई लिएर आपत्ति जनाउनेमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछाने समेत छन् । जवाफमा भने मन्त्री किराँतीले आफू संस्कृति मन्त्री भएकाले हरेक धर्मको कार्यक्रममा सहभागी हुने गरेको र त्यसैलाई लिएर पटकपटक विरोध हुने गरेको बताएका छन् ।

बीचमा रहेर टिप्पणी गर्नेहरूले चाहिँ मन्त्री किराँतीले चाहिने भन्दा बोल्दा समस्या आएको उल्लेख गरेका छन् । उनीहरूका मतअनुसार, धर्म निरपेक्ष मुलुकका मन्त्रीले धार्मिक कार्यक्रमपिच्छै फरक–फरक अभिव्यक्ति दिनु भन्दा संविधानको व्यवस्था सम्झाउँदा पुग्थ्यो । तर जुन कार्यक्रममा सहभागी भयो, त्यहीको परिवेशअनुसार बोल्ने प्रवृत्तिले समस्या आएको उनीहरूको तर्क छ । सँगै, धार्मिक सहिष्णुता खल्बलिन सक्ने खतरा समेत औंल्याउँदै उनीहरूले संयम हुन आग्रह गरिरहेका छन् । मन्त्रीको बचाऊ अथवा विरोधमा नरही टिप्पणी गर्नेहरूको तर्क भने बलियो देखिन्छ । किनकि अहिले संविधान, जनादेश र विधिका आधारमा नभएर सस्तो लोकरिझाइतिर बढी आकर्षण देखिन्छ । त्यस्तो लोकरिझाइको दौडमा सरकारका मन्त्रीहरू समेत पछि छैनन् ।

भीडले जे मन पराउँछन्, अथवा आयोजकले जे चाहन्छन्, त्यही बोल्ने गर्दा विवादमा परेको कयौ उदाहरण प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफै हुन् । केही समय अगाडि मात्रै एक ब्यापारीको कार्यक्रममा गएर प्रधानमन्त्री प्रचण्डले ‘ आफूलाई प्रधानमन्त्री बनाउन नयाँ दिल्ली धाउने गरेको’ अर्थ लाग्नेगरी सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यसअघि शेरबहादुर तामाङले मन्त्री पद त्याग्नुपर्नेगरी विवादित अभिव्यक्ति दिन पुगेका थिए । अभिव्यक्तिकै कारण सार्वजनिक क्षेत्रमा रहेका अरू थुप्रै अप्ठ्यारोमा परेका उदाहरण छन् । मन्त्री किराँतीले पनि चुपचाप हराउनु भन्दा विवादित भएर चर्चामा आउनु ठीक रहेको सार्वजनिक अभिव्यक्ति दिएका थिए । तर वास्तविकता नभएर लोकरिझाइका निम्ति दिइने अभिव्यक्तिबाट प्राप्त हुने भनेको क्षति मात्रै हो । त्यस्तो क्षति रोक्न कम्तिमा सार्वजनिक पदमा रहेकाहरूले लोकरिझाइको दौडबाट अलग हुन आवश्यक छ । यही प्रकरणमा पनि धार्मिक सहिष्णुता जोगाउन सबैको संवैधानिक दायित्व हो ।

# परिवर्तन विरोधीबीचको टक्कर

अग्रलेख



● नारायण शर्मा

यतिबेला देशमा परिवर्तनविरोधी गुटहरूबीचको टक्कर उत्कर्षतिर पुग्दैछ । गणतन्त्रवादी भनिने संसदवादी शक्ति र राजतन्त्र पुनरूत्थानवादीजस्ता दुई मुख्य गुटहरूमा देशको ध्रुवीकरण भैरहेछ । भ्रष्टाचार, राष्ट्रघात, महँगी, बेरोजगारी, तस्करी, कालाबजारीजस्ता थुप्रै अहम् विषयहरूलाई लिएर आम जनताको बढ्दो असन्तुष्टि, निराशा, हतासा र आक्रोशलाई भजाएर दुवै गुटहरूले जनतालाई भ्रमित पार्दै आपसमा मुठभेड गराउने र सम्भवतः रगतकै खोलो बगाउने धृष्टता गर्दैछन् । यसो गर्नु र हुनुमा बाह्य शक्तिको सचेत, सुनियोजित र दीर्घकालीन रणनीतिक चालबाजीले काम गरेको देखाउँछ । नेपालका यी दुवैथरी शक्ति गुटहरूलाई वैदेशिक शक्तिहरूको प्रत्यक्ष-परोक्ष, धेरै-थोरै, दीर्घकालीन-तत्कालीन, वैचारिक-राजनीतिक, सामरिक-सांस्कृतिक, धार्मिक-साम्प्रदायिक र आर्थिक-भौतिक आदि सम्पूर्ण प्रकारको सहयोग-सद्भाव रहेको देखिन्छ ।

उनीहरूले यसो गरेर नेपालमा द्वन्द्व चर्काई उत्पन्न अशान्ति, अराजकता र अस्थिरता नियन्त्रण गर्न नेपाललाई सहयोग आवश्यक छ भन्ने निहुँमा आफ्ना सेना उतारेर देशको स्वाधीनता र जनताको सार्वभौमिकतामाथि धावा बोल्नेछन् । यो बेलामा देशमा हुने विदेशी सेनाको चलखेल र हस्तक्षेपको निशाना नेपाल मात्र होइन, नेपाल बाहिरका चीन-रूसजस्ता शक्तिशाली देशहरू पनि हुनेछन् । परिणामतः देश आन्तरिक शक्तिहरूबीचको द्वन्द्वमा मात्र होइन, बाह्य शक्तिहरूको बीचको द्वन्द्वमा परेर युद्ध मैदान नै बन्ने छ । यो अवस्था भनेको देशको युक्रेनीकरण हो । यद्दपि, यहाँ को जेलेन्स्की बन्ने भन्ने अझै स्पष्ट भैसकेको छैन ।

देशभित्रका यी दुवै परिवर्तनविरोधी गुटहरूको भीडन्तमा जो सक्षम र साहसी भाट र दलाल, महामूर्ख र महादुष्ट देखिन्छ, उसैलाई अघि सारेर बाह्य शक्तिकेन्द्रहरूले नेपाललाई युद्धमोर्चा बनाई एकातिर हाम्रो शान्ति, स्वाधीनता, सार्वभौमिकता, अखण्डता, अस्मिता, स्वत्व र अस्तित्व नै ध्वस्त पार्ने छन् भने अर्कातिर देशका सम्पूर्ण अमूल्य र बहुमूल्य प्राकृतिक र खनिज सम्पदाहरू लुटेर देशलाई पूरै रित्ताई हरिकङ्गाल बनाइदिनेछन् । यतिमात्र होइन, नेपाललाई युद्धमोर्चा बनाएर उनीहरू चीन-रुससँग भिड्दा नेपालमा जनधनको अकल्पनीय र अपूरणीय क्षति हुनेछ र देश पूर्ण खण्डहर र भग्नावशेषमा परिणत हुनेछ ।

नेपालको हजारौं वर्षको इतिहासमा नभोग्नुपरेको यो विकराल अवस्था हामी नेपालीलाई अब भोग्न बाध्य पारिँदैछ जो सर्वाधिक ठूलो दुःखद बिडम्बनाको विषय हो । तसर्थ, यो सम्भावित परिणामलाई रोक्नको लागि हामी सच्चा र स्वच्छ देशभक्त, लोकतन्त्रवादी, क्रान्तिकारीहरू उठ्न र जुट्न आवश्यक छ । यसका निम्ति हामी देश, जनता र परिवर्तनका सच्चा हिमायती शक्ति, संघसंस्था र व्यक्ति-व्यक्तित्वहरू सबैका सबै नै आ-आफ्ना व्यक्तिगत र समूहगत संकीर्ण सोंच, स्वार्थ, शैली र संस्कार तथा आपसी आग्रह, पूर्वाग्रह, प्रतिशोध र निषेधजन्य पूर्ववत् विचार-बुझाइ, मूल्य-मान्यता, नीति-विधि, विधान-व्यवस्था र काम-व्यवहारबाट माथि उठ्नै पर्ने हुन्छ ।

हामी देशभक्त र लोकतन्त्रवादी भन्ने वा कम्युनिस्ट क्रान्तिकारी भन्नेहरूकै बीचमा पार्टी एकता हुन्छ न त संयुक्त मोर्चा नै बन्छ । एकता भैहालेछ वा मोर्चा बनेछ भनेपनि त्यसमा प्रथमतः आन्तरिक कारणले नै अन्तर्विरोध चर्कन्छ र गतिहीन हुन्छ वा विभाजन आउँछ, नभए पनि त्यसै अन्तर्विरोधमा टेकेर बाह्य शक्तिहरूले चलखेल गर्दै विभाजित र विसर्जित तुल्याउँछन् । तसर्थ, देश र जनता बचाउने र अघि बढाउने एकसूत्रीय यो उद्देश्यमा केन्द्रित भएर परिवर्तनकारी सम्पूर्ण शक्तिहरू एकताबद्ध र मोर्चाबद्ध भएर देशविरोधी, जनविरोधी, शान्तिविरोधी र विकासविरोधी देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूका विरुद्धमा निर्णायक रूपले जाइलाग्नु अनिवार्य छ ।



*देशमा परिवर्तन विरोधी गुटहरूबीचको टक्कर उत्कर्षतिर पुग्दैछ । गणतन्त्रवादी भनिने संसदवादी शक्ति र राजतन्त्र पुनरूत्थानवादी दुई मुख्य गुटहरूमा देशको ध्रुवीकरण भैरहेछ । भ्रष्टाचार, राष्ट्रघात, महँगी, बेरोजगारी, तस्करी, कालाबजारीजस्ता थुप्रै अहम् विषयहरूलाई लिएर आम जनताको बढ्दो असन्तुष्टि, निराशा, हतासा र आक्रोशलाई भजाएर दुवै गुटहरूले जनतालाई भ्रमित पार्दै आपसमा मुठभेड गराउने धृष्टता गर्दैछन् ।*

अब प्रश्न, के हो त त्यो नयाँ र मौलिक विचार र बाटो भनेको ? अहिले नेपाली राजनीतिक वृत्तमा चर्चामा आइरहेका नेपाली सामूहिकतावाद, जनसम्प्रभुतावाद र आत्मनिर्भरतावाद, जनताको राष्ट्रिय जनवाद (लोकतन्त्र) जस्ता विचारहरूको समुच्चय नै नयाँ र मौलिक विचार हो । यसको विकास नेपालमै नेपालीले नै गरेको र आजको नेपालको ठोस वस्तुगत विकासमा आधारित भएर जन्मेको विचार हो । यसलाई हामी मौलिक समाजवाद भन्न सक्छौं । आजको हाम्रो दलाल पुँजीवादी लोकतन्त्रलाई उच्च र पूर्ण स्वरूप दिँदै सच्चा लोकतन्त्र अर्थात् राजनीतिक स्वतन्त्रता र समानतासँगै आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि विभिन्न लोकतान्त्रिक हक अधिकारमा स्वतन्त्रता र समानता भएको नेपाली मौलिकता र विशेषतामा आधारित, नेपालकै इतिहास, भूगोल, दर्शन, सभ्यता र संस्कृति अनुकूलको लोकतन्त्रको विकसित र समृद्ध रूप नै मौलिक समाजवाद हो ।

अहिलेको लागि नयाँ र मौलिक बाटो भनेको मूलतः देश, काल र जनता सापेक्ष सङ्घर्षको बाटो हो । त्यो संघर्षको बाटो आजको विज्ञान-प्रविधि र यसले विकसित गरेका सूचना-संचार र प्रचार-प्रसारका सामाग्री र संजालहरूलाई एउटा प्रमुख हतियारको रूपमा प्रयोग गर्ने बाटो हो । ती हतियार प्रयोग गर्ने सेना देशमा पढ्दै गरेका र पेसा-व्यवसाय गर्दै गरेका वा केही नगरी बेरोजगार बसेका किशोर र युवाहरूलाई पनि किसान, मजदुर, महिला, दलित र विदेशिएका युवाहरूका अतिरिक्त एउटा मुख्य शक्तिको रूपमा परिचालन गरेर लाने बाटो हो । जहाँसम्म यसले गर्ने संघर्षको स्वरूपको प्रश्न छ त्यसका विभिन्न रूप छन् । एउटा हो शान्तिपूर्ण संयोजित र सशक्त संघर्ष । त्यो संघर्ष सामाजिक संजालहरूको माध्यमबाट, संचारमाध्यमहरूबाट, सडकमा गरिने नाराजुलुस, बन्द, हडताल आदिको माध्यबाट हुने संघर्ष, चुनावी संघर्ष (बहिष्कार, उपयोग वा नो भोट आदि) अनि सकेसम्म त सदन र सरकारभित्रबाट गरिने संघर्ष समेतको समुचितरूपमा समायोजित भएको संघर्ष हुनेछ । यदि यी संघर्षहरूमाथि सरकारपक्ष अनुदार, निर्मम र दमनकारी भएर आयो र संघर्षले विजय पाउनको लागि सशस्त्र बलसहितको संघर्ष अनिवार्यरूपले आवश्यक परेमा निर्णायक प्रतिरोध संघर्षको रूपमा बाध्यतावश सशस्त्र संघर्षको रूप पनि अवलम्बन गरिने हुनसक्छ । यसरी हेर्दा, नयाँ र मौलिक संघर्षको बाटो भनेको समायोजित, संयुक्त र सशक्त जनसंघर्षको निर्णायक बाटो हुनेछ र हुनैपर्छ ।

वर्तमान दलाल भ्रष्ट संसदीय व्यवस्थाको विघटन गरी नयाँ राष्ट्रिय अन्तरिम सरकार र अन्तरिम जनप्रतिनिधिसभाको रूपमा हरेक आन्दोलनकारी दलबाट शक्ति र युक्तिको आधारमा समुचित प्रतिनिधित्व हुनेगरी सर्वपक्षीय अन्तरिम विधायिका गठन गरेर त्यसैमार्फत अन्तरिम सरकारको गठन गरी अन्तरिम संविधान निर्माणमा लाग्ने अनि त्यो सरकारले राष्ट्रघाती, भ्रष्ट, दलाल, गद्दार, हत्यारा र माफिया आदिलाई तत्काल कारबाही चलाउने र जनतालाई सुशासनको, शान्तिसुरक्षाको र गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सम्मान र न्यायको प्रत्याभूति दिलाउने दिशामा तत्काल कदम अघि बढाएर जानुपर्छ । यो अन्तरिम अवधिमा अन्तरिम विधायिका (जनप्रतिनिधि सभा) र अन्तरिम सरकारले गर्ने मुख्य र प्रथम काम भनेको लोकतान्त्रिक र जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने हुनेछ भने दोस्रो महत्वपूर्ण काम नेपालमा नेपाली तरिकाले नेपाली मौलिक समाजवाद निर्माणको लागि वस्तुगत र आत्मगत आधार तयार पार्नु हुनेछ । यसरी मौलिक समाजवादमा हाम्रो नेपाली समाज रूपान्तरण हुनेछ ।

यसरी एकातिर नेपाली राजनीतिक आन्दोलनको इतिहासको सुरुवाती चरणदेखि राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका आधारभूत मुद्दाहरू, जो विभिन्न संघर्ष र आन्दोलनका बावजुद पनि थप जटिल र गम्भीर बन्दै गैरहेका छन्, तिनको समाधान हुनेछ भने अर्कातिर सबैजसो नेपाली राजनीतिक पार्टीहरूले सुरुदेखि अहिलेसम्म पनि साकार पार्ने भनी वर्तमान संविधानमा समेत उल्लेख गरिएको समाजवादको दिशामा अघि बढ्ने सपना साकार हुनेछ ।

यी विभिन्न संघर्ष र कार्यक्रम कार्यान्वयनको चरण र बाटोमा अघि बढ्दा हुने सम्भावित बाह्य हस्तक्षेपलाई पनि मध्यनजर गर्नुपर्दछ । सो हस्तक्षेपको स्वरूप, आयाम र प्रकृति हेरी संयमित र सन्तुलित हुँदै आवश्यकता र सम्भाव्यताअनुसार कूटनीतिक, राजनीतिक, सामरिक, स्वतन्त्र, संलग्न र संयुक्त जनप्रतिरोध गरेर एकातिर राष्ट्रिय स्वाधीनताको संरक्षण, सम्वर्द्धन र सबलीकरण गर्ने र अर्कातिर जनताका न्याय, समानता र स्वतन्त्रताका अधिकारहरूलाई प्रबर्द्धन गर्दै जनताको जीवनस्तर उठाउँदै लानुपर्छ ।

माओले द्वितीय विश्वयुद्धका सन्दर्भमा भनेका थिए- क्रान्तिले विश्वयुद्धलाई रोक्छ कि भने विश्वयुद्धले क्रान्तिलाई जन्म दिन्छ । नभन्दै चीनलगायत विश्वका थुप्रै देशमा त्यतिबेला भैरहेका क्रान्तिकारी आन्दोलनहरूले विश्वयुद्धलाई नरोके पनि द्वितीय विश्वयुद्धका बीचबाटै चीनलगायत थुप्रै देशमा क्रान्ति सफल भए । त्यसैले नेपालको वर्तमान जतिसुकै भयावह भएपनि भविष्य सुखद छ । विश्वास गरौं र लागिपरौं कि हाम्रो देशमा पनि अहिले विश्व क्रान्तिका सन्दर्भमा माओले भन्नुभएको विश्वयुद्धबाट विश्वमा क्रान्तिहरू जन्मने अवस्था भएझैं र नेपालमा सन्निकट आएको मुठभेडको परिणाम नेपाल राष्ट्र र नेपाली जनताकै पक्षमा हुनेछ ।

## सामाजिक सञ्जाल



- भीम रावल

माथिल्लो कर्णाली आयोजनाको हिस्सा भारतीय कम्पनी जीएमआरले अर्को भारतीय कम्पनीलाई दिन लाग्यो रे ! यसो गर्नु आयोजना विकास सम्झौताको विरूद्धमा हुन्छ । समयमा काम नगरेकोमा झण्डै चार अर्ब हर्जाना तिर्नुपर्नेमा उल्टै उसले अर्को भारतीय कम्पनीलाई हिस्सा बेच्ने भन्नु अत्याचार हो । सरकार किन निर्लज्ज ?



- जुगल भूर्तेल

बल्ल नैतिकता र नैतिक शिक्षाको बारेमा छलफल शुरु भयो । यसले अरू धेरै नयाँ बाटो देखाउने छ । त्यसै कारण अब यो विमर्शले मार्क्सवाद/समाजवादको प्रहार झेल्नु पर्नेछ, किनकी त्यही एउटा बाटोको यात्रा मात्र प्रगति र अग्रगमन हो भन्ने ठहर गरिएको छ । तर संसार बदलिँदैछ, हामी पनि बदलिने छौं ।



- सुर्यराज आचार्य

सामान्य सहज-ज्ञानको प्रयोग गरी आफ्नै हित/भलाईका लागि समयको पदचापसमेत बुझ्न नसक्ने शासकबाट देश/जनताको हित र समृद्धिका ठूला जनअपेक्षा नगरौं । सत्ताको नशाले शासकहरूलाई अर्कै संसारमा पुऱ्याएको छ । त्यो संसारको रिति-थिति, उठबस, चालचलन, भाषा-बोली बेग्लै छ । समय बलवान छ भनौं र पर्खौं !



- विश्वरसिंह मेवाहाङ

क्रिश्चियनले आयोजना गरेको कार्यक्रममा अतिथिको पगरी गुथीसके पछि “जसको जाँड खानु उसैको जुँगा मोल्नु” पनि भएन । फेरि डलर पनि उतैबाट आउने हो । संविधान पनि उनैले बनाइदिएको हो । सम्भवतः मन्त्री पद पनि उनैको निगाहाबाट पाएको होला । नुनको सोझो गर्न संस्कृति मन्त्रीले आफ्नै संस्कृतिविरुद्ध बोलेछन् ।

# प्रगतिशीलहरूको दायित्व

विचार



● सरस्वती महरा

आजभोलि हामी पनि पुँजीवादी तथा उपभोक्तावादी गन्दगी र आहालहरूमा रमाउने गर्छौं र यसरी रमाउने कुरामा निकै सहज पनि देख्दछौं । अथवा, यसो भनौं आजभोलि यस प्रकारको जीवनशैली र जीवन व्यवहारमा हामी आफूलाई प्रगतिशील भन्नेहरू र कमरेड भन्नेहरू पनि निकै सहज, सामन्य र अभ्यस्त बनिसकेका छौं ।

